एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्य क्षेत्र भएको)

च.नं. 2030 २०७९/८०
मिति : २०७८/०८/२४

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, ,
त्रिपुरेश्वर काठमाडौ ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार , ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं ।

श्री एनएमवि क्यापिटल,
नागपोखरी, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ लि.
पुतली सडक, काठमाण्डौ ।

**विषय : दशौं वार्षिक साधारण सभाको सुचना एवं सो प्रयोजनको लागि शेयरधनी दर्ता किताब बन्द हुने बारेको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको मिति २०७९।१२।०५ गते वसेको १३५ औ बैठकबाट निर्णय भए वमोजिम यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, स्थान र समयमा बस्ने भएको ब्यहोरा जानकारी गर्दछौं । साथै, सो प्रयोजनका लागि **मिति २०७९ चैत्र १७ गतेदेखि मिति २०८० बैशाख १५ गतेसम्म** यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०८० साल बैशाख १५ गते, शुक्रवार (तदनुसार २८, अप्रिल २०२३)
समय : दिउसो १२:३० बजे
स्थान : सिटि स्क्वायर प्रा.लि, न्यूरोड, पोखरा (भाटभटेनी सुपरमार्केट अगाडी) कास्की ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

एनएमबि लघुवित्त वित्तीय संस्था लि. NMB केन्द्रीय कार्यालय NMB Laghubitta Bittiya Sanstha Ltd.



Head Office : Pokhara-25, Milanchowk, Hemja, Kaski
Phone: 977 61 400427, 400477, 400537, 400538 Fax: 977 61 400428
Web: www.nmbmicrofinance.com Post Box No:. 231, Pokhara
E-mail: info@nmbmicrofinance.com

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको ०.५२६३ (शुन्य दशमलव पाँच दुई छ तीन) प्रतिशतले हुन आउने रकम रु. ३४,५१,९०९.८०। (अक्षरुपी चौतिस लाख एकाउन्न हजार नौ सय नौ रुपैयाँ असी पैसा मात्र) नगद लाभांश वापत (वोनस शेयरको कर प्रयोजनको लागि मात्र) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६५,५८,६२,८६२.००।- (अक्षरुपी पैसठी करोड अन्ठाउन्न लाख बैसठी हजार आठ सय बैसठी रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु ६,५५,८६,२८६.२० । (अक्षरुपी छ करोड पचपन्न लाख छयासी हजार दुई सय छयासी रुपैयाँ बिस पैसा मात्र) बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. बोनश शेयर जारी भए पश्चात वित्तीय संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले जारी पूँजी र चुक्ता पूँजी बृद्धि लगायतका बिषयहरु समावेश गरि संस्थाको प्रवन्धपत्र संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।)
३. वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धी संस्थाको प्रवन्धपत्रको दफा २(१) र नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।)
४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यससँग सम्बन्धित विवरण वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।)
५. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने/गाभिने वा प्राप्ति ९:भचनभचरब्अत्रगष्कक्षत्ष्यल० सम्बन्धी प्रकृया अगाडी बढाउन उपयूक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।
६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविध ।

३. दशौं वार्षिक साधारण सभा प्रयोजनार्थ सञ्चालक समितिको १३५ औं बैठकको निर्णय बमोजिम मिति २०७९ चैत्र १७ गतेदेखि २०८० बैशाख १५ गतेसम्म वित्तीय संस्थाको शेयर दाखिला खारेजीको काम बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९ चैत्र १६ गतेसम्म कारोबार भई तोकिएको समयभित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाडौंबाट प्राप्त

नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन र बोनश तथा लाभांश पाउन योग्य हुनेछन् ।

सञ्चालक समितिको आज्ञाले,

(कम्पनी सचिव)

बोधार्थ: श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ,बालुवाटार, काठमाडौ ।